# विपश्यना

साधकहरूका लागि प्रेरणा पत्र

बुद्ध वर्ष २५४३ पौष २०५६ वर्ष १६ अङ्क ९


## धम्मवाणी

सब्बपापस्स अकरणं, कुसलस्स उपसम्पदा ।
सचित्तपरियोदपनं, एतं बुद्धान सासनं ॥

*धम्मपद १८३ (बुद्धवग्ग)*

सबै पापकर्मबाट विरत रहनु, कुशलचित्तको एकाग्रता सम्पादित गर्नु र आफ्नो चित्तलाई परिपूर्ण रूपले परिशोधन गर्नु-केवल गौतमबुद्धको मात्र होइन सबै बुद्धहरूको यही शिक्षा हो

## करुणापूर्ण सद्‌भावना

केही महिना अगाडि शाक्यमुनि भगवान गौतमबुद्धको पावन जन्मभूमि लुम्बिनी (नेपाल) मा एउटा अन्तर्राष्ट्रिय गोष्ठीको आयोजना गरिएको थियो। यस गोष्ठीको विषय थियो "करूणा" र यसको उद्देश्य थियो- छिमेकी बुद्धानुयायी देशहरूसंग सुदृढ मैत्री सम्बन्ध स्थापित गर्नु।

**करूणा :**

करूणा मानव मनको एक अत्यन्त उदार भावना हो। मैत्री, मुदिता र समता जस्तै यो पनि एउटा ब्राह्मी विहार हो। करूणाको शब्द मुखले उच्चारण गर्नु जति सरल छ त्यसको व्याख्या गर्नु र प्रशंसा गर्नु यो वास्तविक ब्रह्मबिहारबाट कोसौं पर छ। चिंतनको स्तरमा करूणालाई एक आदर्श भावनाको रूपमा स्वीकार गर्नु राम्रो हुन्छ। तर वास्तविक ब्रह्मबिहारबाट यो पनि निकै टाढा छ। ब्रह्मविहारको अर्थ हो ब्रम्हाचरण, श्रेष्ठाचरण अर्थात धर्माचरण। यो भावना मनै-मनमा ओतप्रोत भएमा मात्र ब्रह्मविहार भन्न योग्य हुन्छ। मैत्री, मुदिता र समताको साथै यस ब्राह्मीभाव हृदयमा ओतप्रोत हुनु तब मात्र सम्भब हुन्छ जब अन्तरमनको गहिराईसम्म पूर्णरूपमा मन विकारविहीन हुन्छ। यसरी निर्मल भएपछि मात्रै मन ब्राह्मी भावना धर्म धारण गर्न योग्य हुन्छ।

धर्म धारण गर्नुको अर्थ शील सदाचारको जीवन जीउनु हो। अर्थात शरीर र वाणीले अन्य प्राणीहरूलाई हानी हुने, उनीहरूको सुख-शान्ति भंग हुने, उनीहरूको अहित हुने, अमंगल हुने कुनै काम नगर्ने।

शील सदाचारमा पुष्ट हुनको लागि मन पूर्ण रूपले नियन्त्रण हुनु आवश्यक छ, संयमित हुनु आवश्यक छ, अनुशासित हुनु आवश्यक छ। यसको लागि कुनै निर्दोष आलम्बनको आधारमा मनलाई एकाग्र गरेर समाधिस्त गर्नु पर्छ। रागविहीन - द्वेषविहीन आलम्बन नै निर्दोष हुनसक्छ। स्वअनुभवले थाहा हुने सत्यमा आधारित र मोह मूढ़ताको आधारबाट मुक्त आलम्बन हुनुपर्छ।

तर यस्तो निर्दोष आलम्बनको आधारमा मनलाई एकाग्र गरेर समाधिस्थ हुनु मात्र पर्याप्त छैन। वास्तवमा स्वानुभुतिको आधारमा अन्तरमनको गहिराईमा निहित प्रज्ञा जगाएर यस प्रज्ञामा स्थित हुनु आवश्यक छ। यसको अभ्यासले मोहमयी अज्ञान अवस्थामा राग, द्वेषको संस्कार प्रजनन गर्ने, सम्वर्धन र संचय गर्ने अन्तरमनको स्वभावलाई क्षीण गर्दछ।

प्रज्ञाद्वारा यस स्वभावलाई दुर्वल गर्दै गर्दै पूर्व संग्रहीत मनोविकारहरू बिस्तारै निष्कासन हुँदै जान्छ, नयाँ संस्कार बन्न पाउँदैन। अन्ततः सम्पूर्ण मन नितांत विकार-विहीन हुन्छ, निर्मल हुन्छ। तब मैत्री, करूणा, मुदिता र समताको ब्राह्मी गुणहरूले मन स्वतः भरपूर हुन्छ।

जवसम्म मनमा पूर्व संस्कारको संग्रह विद्यमान हुन्छ, र नयाँ नयाँ विकारहरूद्वारा यस संग्रहको सम्वर्धन हुन्छ तबसम्म वास्तवमा ब्राह्मीभाव जागन पाउँदैन। सबै विकारहरूको गर्भमा अहं निहीत हुन्छ। जबसम्म मन अंहकेन्द्रित हुन्छ, स्वकेन्द्रित हुन्छ, तबसम्म ब्रह्मविहार हुँदैन। यी चारै ब्रह्मविहारको चर्चा गरेता पनि, यीनको प्रशस्ति - प्रशंसा गरेता पनि वास्तविक ब्रह्मविहार हुन सक्दैन।

मन जति - जति विकारबाट मुक्त हुन्छ त्यसमा त्यति - त्यति नै ब्रह्मबिहार जाग्दछ। पूर्णतया बिमुक्त भएपछि साधक सतत शुद्ध ब्रह्मविहारको जीवन जिउन थाल्दछ। अतः मैत्री, करूणा, मुदिता र समताको ब्राह्मी भावको लागि शील, समाधि र प्रज्ञामा पुष्ट हुनु नितान्त आवश्यक छ।

शील, समाधि र प्रज्ञाको धर्म आचरणमा कुनै एक व्यक्ति, एक जाति, गोत्र, वर्ण, वर्ग, समाज, समूह अथवा सम्प्रदायको एकाधिकार छैन। यो आचरण सार्वजनीक छ। आफ्नो पर्याप्त परिश्रमले कोही व्यक्तिले धारण गर्न सक्छ। जो व्यक्ति यसलाई धारण गरेर निर्मल चित्त हुन्छ उसको मन मैत्री, करूणा र सद्‌भावनाले स्वतः ओतप्रोत हुन्छ। जसरी दूषित चित्तको दुर्गुणलाई हामी हिन्दू, मुस्लिम, बौद्ध, जैन भनेर छुट्टै नाम दिन सक्दैनौं त्यसरी नै निर्मल चित्तको मैत्री, करूणा, सद्‌भावना जस्तो सद्‌गुणहरूलाई पनि नाम दिन सक्दैनौं। मानसिक दुर्गुण र सद्‌गुण सबैको लागि एकनासको हुन्छ।

Downloaded from http://www.dhamma.digital

जसरी शील, समाधि र प्रज्ञाको शुद्ध धर्म सार्वजनीक छ, सार्वदेशिक छ, सार्वभौमिक छ, सार्वकालिक छ, सनातन छ, त्यसरी नै मैत्री, करूणा आदि ब्रह्मविहार पनि त्यसैबाट उत्पन्न हुने भएकोले सार्वजनीक छ, सार्वभौमिक छ, सार्वकालिक छ, सनातन छ। हिन्दू होस् अथवा बौद्ध, जैन होस् अथवा सिख, मुस्लिम होस् अथवा फारसी, इसाई होस् अथवा यहूदी संसारमा रहेका सारा परम्पराले शील सदाचारलाई स्वीकार गर्दछन् । चित्तको एकाग्रता र त्यसको निर्मलतालाई अस्वीकार गर्ने र त्यसबाट उत्पन्न हुने करूणा र सद्भावनालाई अस्वीकार गर्ने त्यस्तो कुनै परम्परा छैन ।

विभिन्न समाज, समुदाय अथवा भनौं सम्प्रदायहरूको पूजा-अर्चना गर्ने बिधि विधान, पूजा गर्ने स्थल, कर्मकाण्ड, चाड-पर्व, व्रत-उपवास आदि भिन्न भिन्न हुन्छन् । तिनीहरूको दार्शनिक मान्यता अलग-अलग हुनसक्छ । वास्तवमा यी विभिन्नताको आधारमा नै विभिन्न सम्प्रदायको आफ्नो अस्तित्व बन्दछ र त्यसमा वृद्धि हुँदै जान्छ। तर शील, समाधि, प्रज्ञा र मैत्री, करूणा, सद्भावनाको धर्म अलग छैन। जुनसुकै समाज, समूह अथवा सम्प्रदायको लागि ती सबै एकनाश हुन्छ। यो सार्वजनीक धर्म र करूणाले सम्पूर्ण सम्प्रदायलाई जोड्दछ। आ-आफ्नो सम्प्रदायको बिभिन्नतालाई कायम राखेर पनि सार्वजनिक धर्मको धरातलमा सबै एक हुन सक्छन्, मैत्री, करूणाको ब्राह्मीभावमा सबै एक हुन सक्छन् ।

**छिमेकी बुद्धानुयायी देशहरु बीच मैत्री-सम्बन्धः**

शील, समाधि र प्रज्ञाको सार्वजनीक धर्मको पालन र त्यसको आधारमा जागेको करूणाको ब्राह्मीभाव अभिन्न भएको कारण अलग-अलग मतावलम्बीहरूलाई एक साथ जोड्ने भूमि तयार गर्न सकिन्छ। यसको आधारमा भारत र छिमेकी बुद्धानुयायी देशहरूको मैत्री सम्बन्ध सुदृढ हुनु निसन्देह छ, निसंशय छ । अतः यो निश्चित छ ।

परन्तु छिमेकी देशहरू बीच सम्बन्ध स्थापित गर्दा निम्न बुँदाहरूमा ध्यान दिइएन भने मैत्रीको सारा प्रयास सर्वथा निष्फल मात्र हुँदैन झन् दुर्भावनापूर्ण दुश्मनीमा बदलिन जान्छ ।

१. बुद्धलाई बिष्णुको अवतार बनाएर विष्णुरूपी ईश्वरको समकक्ष मानेर राम र कृष्णको श्रेणीमा स्थापित गरेर पूज्य मानिरह्यो भने साँच्चै ठूलो भूल हुनजान्छ । वास्तवमा यो बुद्धको अपमान हो । बुद्धले सम्यक सम्बोधि प्राप्त गरेर जन्म - मरणको चक्रबाट सर्वथा विमुक्त भएर जस्ले विमुक्त अवस्था प्राप्त गरेर स्वयं घोषणा गर्दछ कि **अयमन्तिमा जाति** - यो मेरो अन्तिम जन्म हो। **नत्थिदानि पुनब्भवोति** - अब मेरो पूनर्जन्म हुनेछैन । भवसंसारबाट सर्वथा विमुक्त बुद्धलाई बार बार जन्म लिने विष्णुको अवतार भन्दा बुद्धानुयायीहरूलाई मनपर्ला ?

अवतारवादको मान्यता पुराणबाट शुरूभएको जस्तो लाग्छ । बुद्धलाई विष्णुको अवतार सिद्ध गर्ने कथाको प्रादुर्भाव वास्तवमा विष्णु पुरणमा भयो र त्यस पश्चात अन्य पुराणहरूमा दोहोऱ्याउँदै रहियो । यस मान्यताको उद्भवले छिमेकीहरूलाई अप्रियमात्रै भएको होइन यो त बिषालु तीरले घोचे जस्तै पीडापूर्ण पनि छ । बिष्णुपुराणको यस कथा अनुसार बुद्ध विष्णुको सद्गुणको होइन कि उनको मायामोहरूपी दुर्गुणको अवतार हो र त्यस अवतारको एक मात्र लक्ष्य तत्कालीन वेदानुयायीहरूलाई वेद बिमुख गरेर स्वर्ग जानबाट वंचित गर्नु ताकि इन्द्र तथा उसका साथी देवताहरूको राज्य सुरक्षित होस् । यस कथनले बुद्धलाई मात्र होइन उनको शिक्षालाई पनि गौण गरेको छ। जन-जनलाई जन्म-मरणको बन्धनबाट मुक्ति गराउने मार्ग विपश्यना विद्या प्रकाशित गर्ने र सारा विश्वमा करूणाअवतारको रूपमा ख्याति प्राप्त बुद्धलाई कपट जाल फैलाएर मानिसहरूलाई नरकमा जाने मायामोहको अवतार घोषित गर्नु तथ्य विरूद्ध मात्र होइन द्वेषपूर्ण पनि छ। अतः मध्ययुगमा पारस्परिक बिग्रह-विरोधको कारण बुद्धलाई बिष्णु अवतार बनाउने जुन भूल पहिला भयो अब त्यसलाई नहोदोऱ्याउनुनै सबैको लागि कल्याणकारी हुन्छ ।

अवतारवादको परिकल्पनाको अर्को संस्करण त अधिक द्वेषपूर्ण छ । भनिएको छ– विष्णुको दशौं कल्की अवतार बौद्धहरूको संहार गरेर संसारबाट नै तिनीहरूलाई समाप्त गर्नको लागि हुन्छ । यस्तो कुरा थाहापाए पछि बुद्धभक्तहरूलाई कतिको चोट लाग्ला यो कुरा बुझ्नु पर्छ । यदि छिमेकी राष्ट्रहरू बीच साँच्चै सम्बन्ध सुधारने हो भने बुद्धसँग सम्बन्धित अवतार-वादको यो दूषित प्रकरण छिट्टै समाप्त गर्नुमा नै सबैको भलो निहित छ ।

२. अर्को ध्यान दिनु पर्ने कुरा जुनकुराले छिमेकी राष्ट्रहरूलाई एकदम मर्मस्पर्शी चोट पुऱ्याउँछ। जब कसैले बुद्धले आफ्नो तर्फबाट दिएको केही छैन उनको शिक्षाको मूल स्रोत त वैदिक परम्परा हो भन्ने मिथ्या कथनले निक्कै चोट पुऱ्याउँछ । वास्तवमा बुद्ध श्रमण परम्पराका नायक थिए । उहाँ प्रार्थनालाई महत्व नदिएर आफ्नो परिश्रम पुरुषार्थमा महत्व दिने व्यक्ति हुनुहुन्थ्यो । उहाँले स्पष्ट भन्नुभएको छ, "म मूक्तिदाता होइन मार्गदाता हुँ ।" वैदिक परम्परा र श्रमण परम्पराको यो भेद एकदम स्पष्ट छ। बुद्धसंग उस्ले दिने कुरा केही छैन भनेर कस्तो गलत प्रचार गरेको जबकि उहाँले मन र शरीरको पारस्परिक सम्बन्धको बारेमा विस्तृत वर्णन गर्नुभएको छ । "शरीरमा हुने सम्वेदनाको कारण मनमा बिकार उत्पन्न हुनु र त्यसको सम्बर्धन हुनु र त्यही सम्वेदनालाई साक्षीभावले हेरीरह्यो भने पुरानो संस्कार निष्कासन भई नयाँ प्रजनन हुने कार्य बन्द हुने" यही नै बुद्धको देन हो। उहाँले जुन मुक्तिदायीनी विपश्यना विद्या सिकाउनु भयो त्यो केवल भारत र नेपालको लागि मात्र होइन सारा विश्वका समस्त मानव जातिको लागि एक अनमोल आशुफलदायिनी वैज्ञानिक खोज साबित भएको छ। अतः बुद्ध र उनको श्रमण परम्परालाई वैदिक परम्परामा आश्रित भनेर भन्नु असत्य पनि हो र बुद्धानुयायीहरूलाई असह्य पनि हो। अतः यस्तो कथनबाट बच्नु नै उचित हुन्छ। वैदिक र श्रमण परम्परा दुवै भारतको स्वतन्त्र पुरातन परम्परा हो । सताब्दीयौंदेखि एक साथ प्रचलित यी दुवै परम्पराले एकले अर्कोलाई केही हदमा प्रभावित अवश्य पारेको थियो। तर कुनै एउटालाई अर्कोबाट उत्पन्न भएको बताउनु त्यसको अवमूल्यन गर्नु हुन्छ। यस्तो गर्नु उचित छैन। यस्तो गर्दा सम्बन्धमा बाधा नै हुन्छ।

Downloaded from http://www.dhamma.digital

३. छिमेकी बुद्धभक्तहरूलाई आश्वस्त गर्नको लागि यो पनि अति आवश्यक छ कि देशमा रहने वेदानुयायीहरू र बुद्धानुयायीहरू बीचमा स्नेहमयी सबन्ध बढ्नु पर्छ । उनीहरू बीच अलिकति पनि द्वेषभाव हुनुहुँदैन। यो केवल छिमेकीलाई प्रसन्न-सन्तुष्ट गर्नको लागि मात्र होइन भारतको आफ्नो अखण्डता र अस्मिता कायम राख्नको लागि पनि आवश्यक छ। जन्ममा आधारित वर्ण विभाजन र त्यसबाट उत्पन्न अनेकानेक जाति - प्रजातिले देशलाई कति दुर्बल बनायो। जातिवादी व्यवस्थाले अब पनि देशलाई दुर्बल बनाइरहेको छ। जुन उद्देश्यले पूर्वकालमा कुन आमाको कोखबाट जन्मेको हो त्यसलाई महत्व दिने परम्परा त्यस समयमा पनि उचित थिएन। आजको यस परिस्थितिमा त जन्मको आधारमा ठूलो-सानोको यो मान्यता देशको लागि अति नै खतरनाक साबित भएको छ । यस मान्यताले धर्मको महत्व खतम हुन्छ। नैतिकता र सच्चरित्रताको कुनै मूल्य रहँदैन। किनकि कोही व्यक्ति हजार दुराचारी भएर पनि फलानो आमाको कोखबाट जन्मेको कारण समाजमा उसको स्थान उच्च र हजार सदाचारी भएर पनि कुन आमाको कोखबाट जन्मेको कारण समाजमा उस्को स्थान तल, यो त नितांत धर्मविरोधी कुरा भयो। नैतिकता र सच्चरित्रताको धर्ममय जीवनको तुलनामा आमाको कोख अधिक महत्वपूर्ण हुन गयो, यो ठूलो दुर्भाग्यको कुरा भयो। अत: अब यस व्यवस्थामा आमूल परिवर्तन गर्ने समय आएको छ। कुनै व्यक्तिको सत्कर्म र सदाचरणले नै उसलाई उच्च बनाउन सक्छ, उसको दुष्कर्म र दुरचरणले नै उसलाई तल्लो बनाउँछ। न्यूनभन्दा न्यून व्यक्तिले पनि दुष्कर्म त्यागेर, सत्कर्म गरे समाजमा उच्च स्थान प्राप्त गर्न सक्छ। जब यो व्यवस्था प्रतिष्ठित हुन्छ तब धर्मको सही मूल्यांकन हुन्छ र जुन जातिवादको विषय देशमा फैलिएको छ त्यो खतम हुन्छ। देशवासीहरू बीच माया बढ्छ र वरीपरी छिमेकी देशहरूमा पनि यसको राम्रो असर पर्नजान्छ।

**श्रद्धेय शंकराचार्यजीसंगको वार्ता**

लुम्बिनीमा हुन गएको यस गोष्ठी पूर्व काँची कामकोटि पीठका श्रद्धेय संकराचार्यजीसंग यस विषयमा सारनाथमा कुराकानी भयो। यस वार्तालाप पछि मेरा यी तीनै बुँदाहरूमा उहाँले सहमति दिनुभयो र स्थानीय पत्रकारहरू समक्ष एउटा संयुक्त प्रेस विज्ञप्ति जारी गर्नु भयो। देशका विद्वत वर्गले यसलाई मान्नु हुनेछ र यस कार्यमा सहयोग पनि दिने आशा गरेकाछौं। यसबाट आफ्नो देशको कल्याण हुनुका साथै छिमेकी देशहरू बीच पनि मैत्री सम्वन्ध हुनुका साथै छिमेकी देशहरू बीच पनि मैत्री सम्वन्ध सुधार हुनेछ। सम्प्रदायको दाँजोमा धर्मको शुद्धता र महानता पुन स्थापित हुन्छ र देशमा रहने विभिन्न परम्पराका सबै मानिसहरूले सार्वजनिक धर्म पालन गरेर चित्तलाई निर्मल गर्ने र त्यसमा शुद्ध मैत्री, करूणाको सद्भावना जागृत गर्नु नै कुशल हुनेछ र यसबाट नै सारा देशमा सुख-शान्ति र समृद्धि बृद्धि हुन्छ। धर्मको शुद्धतामा नै सबैको मंगल समाहित छ। सबैको कल्याण, सबैको स्वस्ति-मुक्ति समाहित छ।

(साभार: हिन्दी विपश्यना पत्रिका, मार्ग पूर्णिमा, १९९९)

कल्याण मित्र
स.ना.गो.

जगदगुरू श्रद्धेय शंकराचार्य श्री जयेन्द्र सरस्वतीजी र विप्रश्यनाचार्य गुरुजी श्री सत्यनारायण गोयन्काजीको संयुक्त प्रेस विज्ञप्ति -

स्थान : महाबोधि कार्यालय, सारनाथ, वाराणसी (उ.प्र.)

समय : दिउँसो : ३:३०, दिनांक १२-११-१९९९

जगद्गुरू कांची कामकोटि पीठका श्रद्धेय शंकराचार्य श्री जयेन्द्र सरस्वतीजी र विपश्यनाचार्य गुरुजी श्री सत्यनारायण गोयन्काजीको सौहार्द्रपूर्ण वातालापको संयुक्त विज्ञप्ति प्रकाशित गरिएको छ। दुबै जना यी दुई प्राचीन परम्परा बीच अत्यन्त स्नेहपूर्ण वातावरण स्थापित भइरहोस् भन्ने चाहन्छन्। यस धारणालाई लिएर छिमेकी देशका वन्धुहरूका बीच कुनै कारण कुनै प्रकारको संदेह भएको भए यथाशिघ्र त्यसको निराकरण होस्। यस सम्बन्धमा निम्न कुरामा सहमति भयो।

१) कुनै कारणले पूर्वकालमा पारस्परिक मतभेदलाई लिएर जुन साहित्य निर्माण भयो, त्यसमा भगवान बुद्धलाई विष्णुको अवतार भनेर जे जति लेखियो, त्यो छिमेकी देशका वन्धुहरूलाई अप्रिय लाग्यो, यो हामी राम्ररी बुझ्दछौं। त्यसैले दुवै समुदायहरू बीच पारस्परिक सम्बन्धलाई पून: स्नेहपूर्वक स्थापना गर्नको लागि हामी यो निर्णय गर्दछौं कि भूतकालमा जे भयो त्यसलाई बिर्सेर अब यस प्रकारको कुनै मान्यतालाई प्रोत्साहन नदिने।

२) छिमेकी देशमा यो सन्देह फैलिएको छ कि भारतको हिन्दू समुदाय बुद्धानुयायीहरू माथि आफ्नो प्रभाव स्थापित गर्नको लागि यी कार्यशालाहरूको आयोजना गरिरहेछ। यी कुरा तिनीहरूको मनबाट सदाको लागि निक्लोस्, त्यसैले हामी यो प्रज्ञापित गर्दछौं कि वैदिक र बुद्ध श्रमणको परम्परा भारतको अत्यन्त प्राचीन मान्य परम्पराहरू मध्ये हुन्। दुबैका आ-आफ्नो गौरवपूर्ण स्वतन्त्र अस्तित्व छन्। कुनै एक परम्पराले आफूलाई ठूलो र अर्कोलाई तल्लो देखाउने कार्यले परस्पर द्वेष, वैमनस्य बढाउने काम गरेको छ। त्यसैले भविष्यमा फेरि यस्तो नहोस्। दुबै परम्पराहरूलाई समान आदर एवं गौरवको भाव दिइयोस्।

३) सत्कर्मद्वारा कोही पनि व्यक्तिले समाजमा उच्च स्थान प्राप्त गर्न सक्छ र दुष्कर्म गरेर पतित हुन सक्छ। त्यसैले प्रत्येक व्यक्तिले सत्कर्म गरेर तथा काम, क्रोध, मद, मोह, लोभ, मात्सर्य, अहंकार इत्यादि अशुभ दुर्गुणहरू निकालेर आफूलाई समाजमा उच्च स्थानमा स्थापित गरेर सुख-शान्तिको अनुभव गर्न सक्छ।

उपयुक्त तीनै कुराहरूमा हामी दुबैको पूर्ण सहमति छ तथा हामी यही चाहन्छौं कि भारतका सबै समुदायका मानिसहरू पारस्परिक मैत्री भाव राखुन् तथा छिमेकी देशले पनि भारत प्रति पूर्ण मैत्री भाव राखुन्।

**धर्मश्रृङ्गमा आगामी महिनाहरूमा सञ्चालन हुने शिविर कार्यक्रम**

१. निम्न कार्यक्रमहरू मध्ये आफूलाई अनुकूल शिविरमा सम्मिलित हुनु पूर्व कृपया आचार संहिता पढ्नुहोस्। कमसेकम दुई हप्ता अगाडि आवेदन-पत्र भरेर व्यवस्थापनामा सम्पर्क राख्नुहोस्।

Downloaded from http://www.dhamma.digital

२. शिविरको आरम्भ शुरुदिनको साँझ हुनेछ र समाप्त अन्तिम दिनको बिहान करीब सात बजे हुनेछ। शिविरार्थीहरूलाई अनुरोध छ कि शिविर शुरु हुने दिनमा नै शिविर स्थलमा आउनु होला, त्यसभन्दा अगाडिको वा पछाडिको दिनमा होइन ।

३. शिविर स्थलमा आउँदा साथमा टर्च, तन्ना, ओढ्ने (सल) तथा मौसम अनुकूलको लुगा र दैनिक उपयोगका सामानहरू ल्याउन नभूल्नु होला ।

४. शिविरको सञ्चालन पूज्य गुरुजीद्वारा मनोनीत सहायक आचार्यबाट हुनेछ ।

फरवरी १ - १२
(माघ १८ - २९) - १० दिवसीय

फरवरी १४ - २५
(फाग्गुण २ - १३ - १० दिवसीय

मार्च १ - १२
(फागुण १८ - २९) - १० दिवसीय

मार्च १४ - २५
(चैत्र १ - १२) - १० दिवसीय

अप्रिल १ - १२
(चैत्र १९ - ३०) - १० दिवसीय

अप्रिल १४ - २५
(वैशाख २ - १३) - १० दिवसीय

अप्रिल १७ - २५
(वैशाख ५ - १३) - सतिपट्ठान
पुराना साधकहरूका लागि मात्र)

# धर्म गाथा

## हिन्दी

विघ्न हटे, बाधा मिटे, कष्ट सभी कट जायँ ।
अधिष्ठान के तेज से, बंधन सब खुल जायँ ॥

धर्मदान के पुण्य से, बहुजन हितसुख होय ।
सत्य वचन के तेज से, धरम प्रसारित होय ॥
धर्मदान के पुण्य से, बहुजन का हित होय ।
सत्य वचन के तेज से, सब विधि मंगल होय ॥

जब परहित सेवा करें, धर्म सुमन खिल जाय ।
जब किजहित सेवा करें, धर्म सुमन मुरझाय ॥

हो न लाभ सत्कार हित, बने नहीं व्यवसाय ।
धरमचारिका शुद्ध हो, तो जग मंगल छाय ॥

रहे धरम की साधना, सदा शुद्ध निर्दोष ।
तो जन के हित खुले, सुखद शान्ति के कोष ॥

## हिन्दी

धर्म धर्म तो सब कहें, पर समझे ना कोय ।
निर्मल चित्त का आचरण, धर्म शुद्ध है सोय ॥

शील धरम पालन करें, कर समाधि अभ्यास ।
ऋतभरा प्रज्ञा जगे, करे दुखोंका नाश ॥

बँधे जाति से वर्ण से, छुटा धर्म का सार ।
सार छुटा निस्सार ही, हुआ शीश का भार ॥

यह संतों की भूमि है, सदगुरूओं का देश ।
इसके कण-कण में भरा, करूणा का संदेश ॥

बीती बातों भूल कर, बैरभाव बिसराय ।
करूणा मैत्री प्यार से, मनमानस लहराय ॥

द्वेष अगिन पर प्यार की, अमृत वर्षा होय ।
सबका मन शीतल करे, सबका मंगल होय ॥

मंगल कामना सहित
**भाजुरत्न फर्मा,**
वीरगंज

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ३७१६५५, ३७१००७ २०५६ पौष
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : २-२५४९०, २-२३९६८, २-४८९४९, २-५०५८१
*मुद्रक :* **न्यू नेपाल प्रेस**, अफिस फोन : २५९०३२, २५९४५०, फ्याक्स : (+९७७-१) २५८६७८ प्रेस : ४३४ ८५०, ४३४ ७५३

साधकको नाम : ..............................................

ठेगाना : ..............................................

..............................................

..............................................

जि.प्र.का.द.नं. ३८/५१/५२

● आजीवन शुल्क रू. ४००/-

● वार्षिक शुल्क रू. २५/-

Downloaded from http://www.dhamma.digital